# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

## मितिः २३ अगस्त २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- आज देशले दोस्रो राष्ट्रिय अन्तरिक्ष दिवस मनाइँ रहेको छ।

- मतदाता सूचीको विशेष गहन संशोधन अर्थात् एसआईआर शुरू गर्न भन्दा पुर्ब निर्वाचन आयोगले एक पल्ट फेरी राज्यहरुका मुख्य निर्वाचन अधिकारिहरुलाई पत्र पठाएर तैयारिहरुको ताज़ा जानकारी मंगेको छ।

- गोर्खा राष्ट्रिय मुक्ति मोर्चा खर्साङ ब्राञ्च कमिटीको आयोजनामा आज खर्साङमा ३८ औ गोर्खा अकर्ड अनि गोर्खा नागरिकता स्पष्टीकरण दिवस पालन गरियो।

- मौसम विभागले गंगीय पश्चिम बंगाल अनि बांग्लादेश नजिक नया निम्न दबाव बन्न सक्ने संभावना रहेको बताएको छ।

**इसरो - राष्ट्रिय अन्तरिक्ष सम्मेलन**

आज देशले दोस्रो राष्ट्रिय अन्तरिक्ष दिवस मनाइँरहेको छ। यो दिन २३ अगस्ट २०२३ मा चन्द्रयान-३ अभियानको विक्रम ल्यान्डर अन्तरिक्षमा र प्रज्ञान रोभर चन्द्रमामा सफल प्रक्षेपणको सम्झनामा मनाइन्छ। चन्द्रमाको दक्षिण ध्रुवमा पुग्नु भारतको लागि एउटा महत्त्वपूर्ण उपलब्धि हो र यससँगै भारत चन्द्रमाको सतहमा अवतरण गर्ने चौथो देश र दक्षिण ध्रुवको नजिक पुग्ने पहिलो देश बनेको छ। यस वर्षको राष्ट्रिय अन्तरिक्ष दिवस उत्सवको विषयवस्तु हो - आर्यभट्टदेखि गगनयानसम्म: प्राचीन ज्ञानबाट अनन्त सम्भावनाहरू। अन्तरिक्ष दिवस उत्सवको एक भागको रूपमा, भारतीय अन्तरिक्ष अनुसन्धान संगठन - इसरोले हिजो नयाँ दिल्लीमा दोस्रो राष्ट्रिय अन्तरिक्ष सम्मेलन आयोजना गर्‍यो। कार्यक्रममा धेरै मन्त्रालयहरू, निजी हितधारकहरू, शिक्षाविद्हरू, स्टार्टअपहरू र विज्ञहरूको उपस्थिति रहेको थियो।

**एसआईआर**

मतदाता सूचीको विशेष गहन संशोधन अर्थात् एसआईआर शुरू गर्न भन्दा पुर्ब निर्वाचन आयोगले एक पल्ट फेरी राज्यहरुका मुख्य निर्वाचन अधिकारिहरुलाई पत्र पठाएर तैयारिहरुको ताज़ा जानकारी मंगेको छ। आयोगले सबै राज्यहरुलाई आफ्नो विस्तृत रिपोर्ट 29 अगस्त सम्म राष्ट्रीय निर्वाचन आयोगलाई सुम्पिने निर्देश दिएको छ। एक अधिकारीले बताए अनुसार आयोगले यसभन्दा पुर्ब गत पांच अगस्तमा पनि आदेश जारी गरेर चुनाव सम्बन्धि रिक्त पदहरु चाडो भन्दा चाडो भरने अनि आवश्यक तैयारिहरु पुरा गर्न भनेको थियो। हिज जारी गरिएको पत्रमा त्यसै निर्देशलाई स्मरण गराउदै भनिएको छ कि रिक्त पदहरुको स्थिति अनि समग्र तैयारिहरुको जानकारी समयमा नै दिनु पर्नेछ। त्यसै दिन अर्थात् 29 अगस्त साझ पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी मनोज अग्रवालले सबै पार्टिहरुको बैठक डाक्नु भएको छ जसमा मतदान केन्द्रहरुको पुनर्विन्यासलाई लिएर चर्चा हुनेछ। नयाँ दिशा-निर्देशहरु अनुसार एक बूथमा अधिकतम 1200 मतदातानै हुनेछन्। यस नियम अन्तर्गत राज्यको 80 हजार 680 मतदान केंद्र बदर अब 94 हजार भन्दा अधिक भएको छ। अतिरिक्त 14 हजार बुथहरुको सूची अघि बाटै सबै मान्यता प्राप्त राजनीतिक दलहरुलाई सुम्पिएको छ। यस विषयमा पहिला 21 अगस्तको दिन सर्वदलीय बैठक हुनु थियो तर त्येसलाई स्थगित गरेर अब 29 अगस्तमा आयोजित गरिने भएको छ। निर्वाचन आयोगले यस्तो पाइला चालेर स्पष्ट संकेत दिएको छ कि आगामी चुनावलाई लिएर पारदर्शिता अनि निष्पक्षता सुनिश्चित गर्नको लागि आयोगले सबै स्तरमा तैयारिहरुको गहन समीक्षा गर्न चाहन्छ।

**माजुमदार-SIR**

पश्चिम बंगाल भाजपाका पूर्व अध्यक्ष अनि सांसद डॉ. सुकांत मजूमदारले आगामी विधानसभा चुनाव मा बाहिरका घुसपैठीहरुलाई वोट हाल्न नदिने बताउँदै, तृणमूल कंग्रेस अनि मुख्यमंत्री ममता ब्यानर्जीले यसैकारण विशेष गहन पुनरीक्षण (SIR) को विरोध गरिरहेको आरोप लगाउनुभएको छ। आज समामजिक संजालमा लेख'नुहुँदै डॉ. मजूमदारले राष्ट्रीय सुरक्षा सुनिश्चित गर्न अनि पारदर्शी मतदाता सूची बनाउनकालागि यस्ता मामलाको पहिचान अति आवश्यक रहेको बताउनुभएको छ। राष्ट्रीय चुनाव आयोगले यो सुनिश्चित गर्नेछ कि कुनै पनि अवैध घुसपैठीलाई आगामी वर्ष 2 हजार 26 को विधानसभा चुनाव मा वोट हाल्न दिइने छैन भनी डा. माजुमदारले बताउनुभएको छ।

**३८औ गोर्खा अकर्ड दिवस (खर्साङ)**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा खर्साङ ब्राञ्च कमिटीको आयोजनामा आज खर्साङ बजार गोर्खा जनपुस्तकालयमा ३८वाँ गोर्खा अकर्ड अनि गोर्खा नागरिकता स्पष्टीकरण दिवस पालन गरियो। ब्राञ्च कमिटी अध्यक्ष निमा लामाको अध्यक्षतामा सम्पन्न भएको समारोहलाई सविव छेत्रीले संचालन गरेका थिए। समारोहमा दार्जीलिङ बिधानसभा क्षेत्रका बिधायक एवं गोरामुमो केन्द्रीय समिति सेक्रेटरी जनरल निरज जिम्बा प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्थियो | समारोहमा गोरामुमो केन्द्रीय समिति सदस्यगण , गोरामुमो शीर्ष नेतृत्ववर्ग , सम्पुर्ण भ्रातृ संगठन लगायत गोरामुमो कार्यकर्ताहरुको व्यापक उपस्तिथि रहेको पार्टीका मिडिया सेल प्रभारी दिनेस साम्पाङले जानाकारी दिएका छन्। प्रमुख वक्ताको रुपमा बोल्दै बिधायक निरज जिम्बाले 22 अनि 23 अगस्ट, 1988 लाई महत्त्वपुर्ण दिन रहेको बताउनुभयो । २२ अगस्त १९८८ को दिन गोर्खा अकर्ड भएको ऐतिहासिक दिन हो अनि भारतीय राजनीतिमा पनि महत्त्वपूर्ण दिन हो। उहाले भन्नुभयो-दार्जीलिङ गोर्खा हिल काउन्सिल गोर्खाहरुको एउटा खतियन हो बंगाल बाट चर्काएको हो,हामी भारतको संविधान अन्तर्गत धारा २४३(M) मा सुरक्षित छौँ र यो सुवास घिसिङको योगदान हो |

**गोर्खा नागरिकता दिवस-मिरिक**

मिरिकमा आज गोर्खा नागरिकता दिवस भव्यताका साथ मनाइयो। गोर्खा राष्ट्रिय मुक्ति मोर्चा मिरिक शाखा समितिले आयोजना गरेको कार्यक्रमको अध्यक्षता ब्रान्च अध्यक्ष महेन्द्र खड्काले गर्नुभएको थियो। मिरिक बजार ब्यवासायी भवनमा आयोजित कार्यक्रममा प्रमुख अतिथिको रूपमा उपस्थित गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका महासचिव ऋषि थापाले आजको दिनलाई ऐतिहासिक दिनको सज्ञा दिनुहुँदै भन्नुभयो - जब गोर्खा जातिले भारतको राजपत्र मार्फत आधिकारिक रूपमा नागरिकता पाएको हो। उहाँले अझ भन्नुभयो -राजपत्रमा गोर्खा जाति भारतको मूल बासिन्दा रहेको उल्लेख छ। श्री थापाले पार्टीका संस्थापक अध्यक्ष स्वर्गीय सुवास घिसिङले गोर्खा जातिको लागि गरेको अद्बितीय योगदानका कारण आज गोर्खा जाति दार्जिलिङ पहाडमा सुरक्षित रहेको बताउनु भयो ।उहाँले छैटौं अनुसूची जस्ता संवैधानिक व्यवस्थाको बिरोध दार्जिलिङ पहाडका तथाकथित राजनीतिक दल र बुद्धिजीवीहरूले नगरेको तर उनीहरूलाई मोहरा बनाएर यसको विरोध गर्न उक्साइएको तथा छैटौं अनुसूचीको षड्यन्त्र कोलकाताले गरेको दाबी गर्नुभयो।

**गाइड तालिम**

अशोका ट्रस्ट फर रिसर्च इन इकोलोजी एण्ड द इन्भाइरोमेन्ट-हिमालयन इनिसिएटिभद्वारा दार्जीलिङ वन्यजन्तु डिभिजनसँगको सहकार्यमा दार्जीलिङ अनि कालेबुङका विभिन्न स्थानहरूबाट चराहरूको संरक्षण र चराहरूको संबर्द्धन सम्बन्धी पहिलेनै तालिममा भाग लिइसकेका सहभागीहरूको क्षमता अभिवृद्धिको लागि तिन दिने तालिमको आयोजना भैरहेको छ। प्रमुख अतिथि रेञ्जर सिंगलिला साउथका अधिकारी रोशन राई र सम्मानित अतिथिहरूमा सिंगलिला नर्थ रेञ्ज अधिकारी सुभास लामा, टोङ्लु रेञ्ज अधिकारी दिगन्त मैतीको उपस्थितिमा एट्री-एचआईका सह-निर्देशक डा. नकुल छेत्रीले कार्यक्रमको उद्घाटन गर्नुभएको थियो।

***तीन दिने उन्नत तालिममा व्यावहारिक एक्सपोजरको लागि धेरै क्षेत्र भ्रमणहरू पनि समावेश गरिएको छ अनि भोलि 24 अगस्त कार्यक्रमको अन्तिम दिन प्रत्येक सहभागीलाई चरा मार्गदर्शकको रूपमा प्रवीणताको प्रमाणपत्र प्रदान गरिनेछ। यस कार्यक्रममा दार्जीलिङ-कलेबुंग पहाडको जैविक भूगोल, कञ्चनजङ्घा परिदृश्य, चराहरूको परिचय र विविधता र यस क्षेत्रका स्थानीय चराहरू, उचाइको ढाँचामा चराहरूको विविधता, जीविकोपार्जन र आय***

***आर्जनको लागि व्यवसायिक मोडेलको रूपमा चरा पर्यटन, पानीका चराहरू, ऱ्याप्टरहरू, चराहरूको नैतिकता, मार्गदर्शन र पर्यटक व्यवस्थापन सीप र पूर्वी हिमालयमा चरा संरक्षणको आवश्यकता सम्बन्धी विशेष कक्षाहरू समावेश गरिनेछ। नेचर इन्टरप्रिटेशन सेन्टर, मानेभञ्ज्याङमा आयोजित कार्यक्रममा रंगित-माजुवा, मानेभञ्ज्याङ, रिम्बिक, सामसिङ, लाटपञ्चर, गोरुबथानका 24 जना सहभागी र सिंगलिला राष्ट्रिय निकुञ्ज, दार्जीलिङका वन्यजन्तु/वन डिभिजनका कर्मचारीहरू छन्। तालिम कार्यक्रम अशोका ट्रस्ट फर रिसर्च इन इकोलोजी एण्ड द इन्भाइरोमेन्ट-हिमालयन इनिसिएटिभद्वारा दार्जीलिङ वन्यजन्तु डिभिजनसँगको सहकार्यमा आयोजना गरिएको थियो।***

## मौसम-दुर्गा पुजा

मौसम विभागले गंगीय पश्चिम बंगाल अनि बांग्लादेश नजिक नया निम्न दबाव बन्न सक्ने संभावना रहेको बताएको छ। विभाग अनुसार यो यस वर्ष बंगाल को खाड़ी मा बनेको आठौ निम्न दबाव हुनेछ। गत दुइ महिनामा भएको लगातार वर्षाले यस वर्ष नयाँ रेकॉर्ड बनाएको छ। मौसम विभागले जालहारीहरुलाई आज बेलुकी सम्म समुद्र मा नजाने कड़ा चेतावनी दिएको छ। उत्तर बंगालको विभिन्न भागहरुमा पनि आज हल्का देखि भारी वर्षा भएको खबर छ। लगातार भइरहेको वर्षाको कारण दुर्गापूजाको तयारीहरुमा पनि असर परिरहेको बताइएको छ। शिल्पकारहरुलाई माता को प्रतिमा बनाउनमा धैरै कठिनाई भइरहेको छ भने पंडाल निर्माण पनि बाधित बनिरहेको छ।

****** ० ******